# मालिकार्जुन गाउँपालिका
# Malikarjun Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive

शंकरपुर,दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८१/८२
च.नं.

### स्थानीय राहत अनुदान शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन -२०८१
(प्रथम पटक प्रकाशित सूचना २०८१/१२/१९)

मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/०४/०३ र मिति २०८१।१०।०२ को निर्णयानुसार यस मालिकार्जुन गाउँपालिका अन्तरगतका आधारभूत (कक्षा १-५, ६-८) तथा माध्यमिक (कक्षा ९-१०) तहका विद्यालयहरुमा तपसिल बमोजिमको तह, विषय र संख्यामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय राहत अनुदान कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक उमेद्वारहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र मालिकार्जुन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निर्धारित ढाँचामा तोकिएका सम्पूर्ण कागजात संलग्न राखी दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:** -

| आधारभूत तह (१-५) | | |
|---|---|---|
| विज्ञापन नं. | १/०८१/८२ (शिक्षा) | कैफियत |
| विद्यालय | - | |
| श्री भगवती आवि सच्चोरी | १ | |
| जम्मा | १ | |

| आधारभूत तह (६-८) | | | |
|---|---|---|---|
| विज्ञापन नं. | १०१/०८१/८२(शिक्षा) | १०२/०८१/८२ (शिक्षा) | कैफियत |
| विद्यालयहरु∀ विषयहरु➢ | नेपाली | सामाजिक | |
| श्री मालिकार्जुन मावि मड | १ | - | |
| श्री खान मावि ऐरिछाना | - | १ | |
| जम्मा | १ | १ | |

| माध्यमिक तह (९-१०) | | |
|---|---|---|
| विज्ञापन नं. | २०१ /०८१/८२ (शिक्षा) | कैफियत |
| विद्यालय हरु∀ विषयहरु➢ | सामाजिक | |
| श्री डिन्सी मावि डिन्सी | १ | |
| जम्मा | १ | |

१. परीक्षाको किसिम: लिखित परीक्षा (सामान्य र विषयगत) र अन्तर्वार्ता

नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner

२. परीक्षा सञ्चालन : i) आधारभूत र माध्यमिक (कक्षा ९-१०) तहका लागि लिखित (सामान्य) परीक्षा सञ्चालन हुने मिति र समय पछि तोकिनेछ।

ii) लिखित (विषयगत) परीक्षाको मिति सामान्य परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिने छ।

iii) अन्तर्वार्ता हुने मिति, समय र स्थान: लिखित (विषयगत) परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ।

३. परीक्षा केन्द्र: गाउँपालिका हलमा हुनेछ।

४. दरखास्त दस्तुर: आधारभूत तहको लागि रु ७०० (सात सय मात्र) र माध्यमिक तह ९-१० को लागि १००० (एक हजार मात्र)।

५. पाठ्यक्रम: शिक्षक सेवा आयोगले तोकेबमोजिम हुनेछ।

६. दरखास्त दिने अन्तिम मिति: २०८१/१२/२५ गते कार्यालय समयभित्र।

७. उमेद्वारको उमेर हद: दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

८.उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता:

क. नेपाली नागरिक

ख. शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित) २०५७ को नियम १० बमोजिम अयोग्य नभएको।

ग. आधारभूत तह (कक्षा १-५) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षामा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त गरेको, आधारभूत तह (कक्षा ६-८) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षामा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त गरेको र माध्यमिक (कक्षा ९-१०) तहका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरहको परीक्षा (कम्तिमा ३०० पूर्णाङ्क वा १२ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको।

९. पेश गर्नु पर्ने कागजातहरु

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख. न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि

ग. अध्यापन अनुमति पत्रको प्रतिलिपि

घ. तालिमको प्रमाणपत्रको प्रतिलिपि

ङ. समकक्षता प्रमाणपत्रको प्रतिलिपि (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेका उम्मेदवारहरुको हकमा मात्र)

च. उम्मेदवारले हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति

१०. सेवा सुविधा तथा अन्य व्यवस्था :

विद्यालय अनुदान कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० मा उल्लेख भएबमोजिम हुनेछ।

११. विज्ञापन सम्बन्धी विशेष व्यवस्था:

उल्लिखित विज्ञापनमा शिक्षक सेवा आयोगको करार सूचीमा रहेकका उम्मेद्वारहरुको दरखास्त पर्न आएमा अन्य दरखास्त स्वत: खारेज हुनेछन्।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner